# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खास्ताप, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७९।०८०
च.नं. :

## रोजगार सहायक करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०४/२२)**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार, काडमाण्डौको मिति २०७९/०३/२५ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम माप्य दुधकोशी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक पदको खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
   ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थान :-** माप्य दुधकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खास्ताप, सोलुखुम्बु

३. **दरखास्त दिने अन्तिम मिति :-** यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

४. **आवेदन दस्तुर :-** रु ५००/- (पाँच सय मात्र)

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदनका साथ संलग्न कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि
   क) नागरिकता
   ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग) चारित्रिक प्रमाण पत्र
   घ) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
   ङ) तालिमको प्रमाण पत्र
   च) २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधा तथा अन्य :-** रोजगार सहायक पदपुर्ती सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ती सम्बन्धी अन्य जानकारी यस कार्यालय तथा वेवसाइट www. mapyadudhkoshimun.gov.np र www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

..........
जितेन्द्र कुमार यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत